आवद्धता नं. २७७८/०५२ (समाज कल्याण परिषद)
S.W.A.No.2778/052
ER.-SAN. 14/60 (गै.स.स.स.स.)

दर्ता नं. ४१/०५१ (जि.प्र.का.सं.स.)
Regd.No.41/051 (D.A.O.S.S.)
Pan No. 301846794

# शिलिचोङ क्लब समाज विकास केन्द्र
## Silichong Club Social Development Centre
## (SCSDC)

प्रधान कार्यालय ताम्कू-१, सम्पर्क कार्यालय खाँदबारी-१, संखुवासभा

-का.नं. ९६, ०८०/८१

मिति : २०८१/०२/२४

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिलिचोङ गाउंपालिकाको कार्यालय,
ताम्कू, सङ्खुवासभा ।
कोशी प्रदेश, नेपाल ।

विषय : संस्थाको प्रोफायल पेश गरिएको वारे ।

महोदय,

प्रस्तुत विषयमा सिलिचोङ गाउँपालिका ताम्कूमा प्रधान कार्यालय वनाई साविक ५ वटा गाविसहरु हाल सि. गा. पा. कार्यक्षेत्र वनाई जि. प्र. का. सं. स. मा दर्ता भई सञ्चालनमा रहेको संस्था शिलिचोङ क्लव समाज विकास केन्द्रले स्थापनाकाल (२०५१/०५२) देखि हालसम्म अर्थात २०८० सम्म विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सम्पन्न गरेको कार्य प्रगति विवरण तथा संस्थागत छोटो प्रोफायल यसै पत्रसाथ संलग्न राखि पेश गरिएको व्यहोरा अनुरोध छ । साथै सिलिचोङ गाउंपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माणाधिन कार्यालय भवनको कार्य सम्पन्न पश्चात आ. व. ०८०/८१ को प्रगति प्रतिवेदनमा समावेश गरी बुझाउने समेत अनुरोध छ ।

श्री सागरराज जी
Website मा समेत upload गर्ने
०८१/२/२८

पदमबहादुर राई
अध्यक्ष, SCSDC

गाउँपालिका
दर्ता नं. २५२२
दर्ता मिति २०८१/२/२८

Head Office: Tamku-1, Contact Office: Khandbari-1, Sankhuwasabha Ph. : 029561106
Email ID : shilichongclube@yahoo.com, scsdcssava@gmail.com, Website : scsdc.org.np

# शिलिचोङ क्लव समाज विकास केन्द्र
## (SCSDC) सङ्खुवा सभा
### संस्थाको हालसम्मको छोटो प्रोफायल

१. पृष्ठभूमि (**Background**) :

सङ्खुवा सभा जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित शिसुवाखोला, बाला, ताम्कू, माङतेवा र याफू समेत ५ गा.बि.स.का तत्कालिन बृटिश सेनामा कार्यरत सैनिकहरुको सहयोग तथा शिक्षक, बुद्धिजीबि र अविभावकहरुको संयूक्त प्रयासबाट विशेष गरेर प्रारम्भिक अवस्थामा खेलकूदको क्षेत्रमा बिकास गर्ने उद्देश्यका साथ सो क्षेत्रमा स्थापना भएको शिलिचोङ क्लव समाज बिकास केन्द्र एक मुनाफा रहित गैर सरकारी सामाजिक संस्था हो । स्थापना कालदेखि खेलकूदको क्षेत्रमा बिकास गर्दै हाल यो संस्था अन्य बिभिन्न क्षेत्रमा काम गर्दै आएको छ ।

**१.१ संस्थाको परिचय (Introduction of NGO) :**

- **नाम** :- शिलोचोङ क्लव समाज विकास केन्द्र (SCSDC)
- **स्थापना** :- २०४० साल
- **प्रधान कार्यालय** : ताम्कू १, संखुवासभा
- **संस्थाको संम्पर्क कार्यालय** : खांदवारी नगरपालिका वडा नं. १, संखुवासभा
- **दर्ता** :- २०५१/१२/०८ (दर्ता नं. ४१ जि.प्र.का.संखुवा सभा)
- **आवद्धता** :- २०५२/०२/०२ (आवद्धता नं. २७७८ समाज कल्याण परिषद)
- **गै.स.स.दर्ता नं.** **ER–SAN-14** (२०६०/१२/२५)
- **PAN Number** : 301846794
- **सामाजिक सेवा पुरस्कारद्वारा सम्मानित** : २०६३ असोज ३० गते (जिल्लामै प्रथम पटक गैसस महासंघ जिल्ला शाखा संखुवासभावाट)

**१.२ परिकल्पना** (Vission) :-

स्वावलम्बी, सृजनशिल तथा स्वस्थ समाजको स्थापना ।

***१.३ ध्येय** (Mission)* **:-**

लक्षित समुदायको जीवनस्तर उकास्न उपलब्ध स्रोत साधनको संरक्षण, सम्बर्द्धन, सदुपयोग साथै अधिकतम परिचालन गरी दीगो बिकासमा सहयोग पुऱ्याउने ।

***१.४ लक्ष्य** (Goal)* **:-**

गरीव तथा पिछडी पारिएका समुदायको शिक्षा, स्वास्थ्य, सामाजिक, आर्थिक, साँस्कृतिक एवं पर्यावरणिय बिकासमा पहूँचमा बृद्धि भई दीगो बिकासमा टेवा पुगेको हुनेछ ।

***१.५ उद्देश्य** (Objectives)* **:-**

(१) विशेष गरी पछाडी पारिएका वर्ग तथा समुदायको जीवनस्तर उकास्न  शिक्षा, स्वास्थ्य, आर्थिक प्रवर्द्धन, भौतिक पूर्वाधारका कार्यक्रम संचालन गरी क्षमतताको बिकास गर्ने ।

(२) पछाडी पारीएका समुदायको सशक्तिकरण गर्ने ।

(३) कार्यक्रम कार्यान्वयनमा नविनतम पद्धतिको बिकास तथा कार्यन्वयन गर्ने ।
(४) बिभिन्न संघ संस्था र सरोकारवालाहरुसंग समन्वय गरी संजालको निर्माण गर्ने ।
(५) दीगो संस्थागत बिकासको लागि उपलब्ध स्रोत साधनको परिचालन, संरक्षण तथा सुदृढिकरण गर्ने ।
(६) समुदायको आवश्यक्ताको आधारमा अन्य कार्यक्रमहरु संचालन गर्ने ।

**१.६ कार्यक्रमको बिषयगत कार्यक्षेत्र :**

(१) स्वास्थ्य (२) शिक्षा
(३) लैंगिक समविकास कार्यक्रम (४) जिवीकोपार्जन कार्यक्रम
४.१ सामाजिक परिचालन ४.२ आयआर्जन कार्यक्रम
(५) भौतिक निर्माण तथा सुधार कार्यक्रम (६) जैविक बिविधता तथा पर्यावरणीय संरक्षणकार्यक्रम (७) सामाजिक तथा सांस्कृतिक बिकास कार्यक्रम ।

**१.७ भौगोलिक कार्याक्षेत्र :**

नगरपालिकाहरु ५ वटा र ५ वटा गा. पा. हरु । आवश्यकता अनुसार अन्य जिल्ला समेत ।

यस संस्था शिलिचोङ क्लव समाज विकास केन्द्रको स्थापनाकाल देखि हाल सम्म सफलतापुर्वक सञ्चालन गरिएको साथै सञ्चालित कार्यक्रमहरुको छोटकरी विवरण :

## १. खेलकुद कार्यक्रम :

शिलिचोङ क्लव समाज विकास केन्द्रको स्थापनाकाल देखि गा. वि. स. साथै अन्य स्थानीय संघ संस्थाहरुको साझेदारीमा युवा तथा महिलाहरुको शिक्षा तथा खेल क्षेत्रमा विकास गर्ने उद्देश्यले स्वास्थ्य, शिक्षा र विकासका लागि खेलकुद भन्ने नाराका साथ ५ वटा गा.वि.स.मा अन्तर गा. वि. स स्तरीय महिला तथा पुरुष भलिवल, महिला तथा पुरुष एथ्लेटिक्स् (हाईजम्प, लङ्गजम्प, सट्पुट) जस्ता खेलहरु नियमित रुपमा सञ्चालन गर्दै आइरहेको छ ।

## २. कृषि/वन सम्बन्धी सहभागीमूलक अनुसन्धान कार्यक्रम (सगुन नेपाल) :

- शिलिचोङ क्लव समाज विकास केन्द्र र सगुन नेपाल काठमाडौको साझेदारीमा बि. सं. २०५२ भाद्र देखि २०५३ पौष सम्म १७ महिना ताम्कू र बाला गरी २ वटा गा .वि. स. हरुमा जम्मा ९ वटा समूहहरु मार्फत उन्नत कृषि र घाँस खेती सम्बन्धी अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गरिएको छ । जसवाट १६१ जना प्रत्यक्ष लाभान्वित भएका छन् । जुन कार्यक्रम अन्तर्गत

## ३. संस्कृति र संस्थागत विकास कार्यक्रम (सगुन नेपाल) :

- शिलिचोङ क्लव समाज विकास केन्द्र र सगुन नेपाल काठमाडौकै साझेदारीमा बि. सं. २०५२ बैशाख देखि २०५३ आषाढ सम्म १४ महिना ताम्कू र बाला गरी ५ गा.वि.स.मा रहेको मेवाहाङ्ग राई जातिको मुद्धुम संकलन र अभिलेखिकरण कार्यक्रम सञ्चालन साथै संस्थागत दिगो विकासकालागि सहजीकरण कार्यक्रम सगुन नेपाल ।

## ४. गुणस्तरीय मकै र तरकारी बिऊ उत्पादन तथा वितरण कार्यक्रम (रिसोर्स नेपाल) :

- शिलिचोङ क्लव समाज विकास केन्द्र र सिसोर्स नेपाल काठमाडौको साझेदारीमा बि. सं. २०५६ फाल्गुण देखि २०५८ भाद्र सम्म २० महिना जम्मा ५ गा.वि.स.हरुमा २२ वटा कृषि समूह गठन गरी परम्परागत कृषि प्रणालीलाई सुधारकालागि तालिम साथै (C1) जातको मकै र तरकारी बिऊ वितरण कार्यक्रम सञ्चालन ।

## ५. आय-आर्जन क्रियाकलापवाट जीविकोपार्जनमा सुधार कार्यक्रम (सिप्रेड) :

बेलायती राजदुतावास (British embashy) नेपालको आर्थिक सहयोगमा शिलिचोङ क्लव समाज विकास केन्द्र र केन्द्रिय वातावरणीय तथा कृषि नीति अनुसन्धान, विस्तार साथै विकास - सिप्रेड ( Center for Environment and Agricultural Policy Research, Extension and Development-CEAPRED) बीचको साझेदारीमा बि. सं. २०६१ पौष देखि २०६२ मार्ग सम्म १२ महिना भित्र खादवारी नगरपालिकाको वार्ड नं. २ र ताम्कू गा.वि.स. को ९ वटै वार्डहरुमा गरी ११ वटा कृषि समूह गठन गरी परम्परागत कृषि प्रणालीलाई सुधारकालागि तालिम साथै (C1) जातको मकै र तरकारी बिऊ वितरण कार्यक्रम सञ्चालन ।

- ताम्कू गा.वि.स.मा ११ र खा.न.पा. २ वटा गरी जम्मा १३ समूह गठन/पुनर्गन ।
- अर्गानिक ताजा तरकारी उत्पादन तथा वजार व्यवस्थापन तालिम ।
- विभन्न तरकारीहरुको विऊ वितरण ।
- गोठे तथा कम्पोष्ट मलखाद निर्माण ।
- पशुपालन (बाखा बंगूर) खोर, रोग र आहारा व्यवस्थापन तालिम साथै विऊ वितरण ।
- चिराइतो खेती तथा नर्सरी सम्बन्धी तालिम ।
- लेखा तथा समूह व्यवस्थापन साथै लैंङ्गिक विकास तालिम सञ्चालन आदी ।

**प्राथामिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथामिक शिक्षा कार्यक्रमहरु र बाल विकास केन्द्र (३ प्रकार) ।**

शिलिचोङ क्लव समाज विकास केन्द र जिल्ला विकास समितिको कार्यालय सङ्खुवासभा बि. सं. २०६१ साल आषाढ देखि २०६४ साल ज्येष्ठ सम्म जम्मा ३ वर्ष ३ प्रकारका कार्यक्रमहरु सञ्चालन गरिएको छ। जुन कार्यक्रमवाट तल उल्लेखित उपलव्धिहरु भएका छन्। जो निम्नानुसार छन्।

## ६. प्राथामिक शिक्षा विस्तार कार्यक्रम (School Outreach Program) (कक्षा १ देखि ३ सम्म) :

ताम्कू गाविस. जम्मा ५ वटा कक्षा सञ्चालन ।
माङतेवा गाविस. जम्मा ६ वटा कक्षा सञ्चालन र
याफू गाविस. जम्मा ४ वटा कक्षा सञ्चालन ।

## ७. अनौपचारिक प्राथामिक शिक्षा कार्यक्रमहरु (Flexible School Program) (कक्षा १ देखि ५ सम्म) :

ताम्कू गाविस. वार्ड नं. ४ र ५ मा गरी जम्मा २ वटा कक्षा सञ्चालन ।
माङतेवा गाविस. वार्ड नं. ८ मा १ वटा कक्षा सञ्चालन ।
याफू गाविस. वार्ड नं. १ मा १ वटा कक्षा ।
बाला गाविस. वार्ड नं. ३ मा १ वटा कक्षा सञ्चालन र
शिसुवाखोला गाविस. वार्ड नं. ९ मा १ वटा कक्षा सञ्चालन ।

८. **बाल विकास केन्द (Child Development centre) :**

तााम्कू गाविस. जम्मा १ वटा कक्षा सञ्चालन ।

माङतेवा गाविस. जम्मा १ वटा कक्षा सञ्चालन र

याफू गाविस. जम्मा १ वटा कक्षा सञ्चालन ।

९. **अधिकारकमा आधारित स्वास्थ्य सुधार कार्यकम :**

शिलिचोङ क्लव समाज विकास केन्द्र र व्रिटेन मेडिकल नेपाल ट्रष्ट (BNMT) सखुवासभा बीचको साभलेदारीमा, जिल्ला स्वास्थ्य कार्यालय र सम्बन्धित सरोकारवालाहरुसंग समन्वय गरी २०६३ आषाढ २८ गते (२००६ जुलाई १२) देखि २०६५ पुस १५ गते (२००९ अप्रिल ३१) सम्म जिल्लाका १३ वटा गा.वि.स.र खाँदवारी नगरपालिकाका वडाहरुमा अधिकारमा आधारित स्वास्थ्य सुधार कार्यकम सञ्चालन भएको छ । जस अन्तर्गत "जुलाई २००६ देखि अप्रिल २००९" सम्ममा २१४ वटा स्वास्थ्य सुधार समूहहरु गठन गरी उक्त कार्यकमवाट १९४६ जना महिला १०३० जना पुरुष सहित जम्मा २९७६ जना सहभागीहरु स्वास्थ्य सुधारमा प्रत्यक्ष लाभान्वित भएका छन् भने संस्थाको तर्फवाट नियमित स्वयंसेवी अनुगमन भईरहेको छ ।

१) स्वास्थ्य सेवावाट अति पिछडिएका १४ गा.वि.स.हरुमा आमा समूह गठन (PLA by Women include FCHVs) ।

(महिला सहभागितामूलक सिकाई तथा कार्य Participatory Learning Action by women include FCHVs तीन दिने तालिम ।

२) २८ विद्यालयहरुमा स्वास्थ्य सुधार वालवालिका समितिहरु (C to C Committee) स्थापना ।

३) वालवालिका एक अर्काका लागि कार्यक्रम (Child to Child Program) तीन दिने तालिम अन्तर्गत :

४) श्रीमान् श्रीमति जोडा समूह (PHAAP With both Spouses) ।

(सहभागितामूलक स्वास्थ्य विश्लेषण तथा कार्य प्रकृया Participatory Health Analysis and Action Process ।

४) पिछडीएका युवा समूह (DAG Youth Mobilization Group) ।

(पिछडिएका युवा समूह परिचालन (Disadvantage Group, Youth Mobilization)

५) १५ देखि २५ वर्ष उमेर समूहका युवाहरुलाई साथी शिक्षाको परिचय साथै सचेतना तालिम सञ्चालन ।

६) २८ वटा विद्यालयहरुमा हेल्थ राइट्स् कर्नरको स्थापना र १४ वटा क्लष्टरका मा.वि. विद्यायलहरुमा स्वास्थ्य सम्बन्धी लाइब्रेरी स्थापना आदी ।

१०. **लैंगिक समविकास कार्यक्रम (Gender and Development Program) :**

शिलिचोङ क्लव समाज विकास केन्द्र, पर्वतीय संस्था (TMI) बीच साझेदारीमा संचालन गरिउको लैंगिक विकास कार्यक्रम दुई चरणमा गरी १६ गा.वि.स.हरुमा जम्मा ७८ वटा समूहमा संचालन गरीएको छ । २१ महिनाको अवधिमा अनौपचारीक शिक्षा अन्तर्गत आधारभूत साक्षारता र साक्षारोत्तर कक्षा सञ्चालन गरिएको सो कार्यक्रममा १४५२ महिला र २८४ पुरुष गरी जम्मा १७३६ सदस्यहरु प्रत्यक्ष लाभान्वित भएका छन् । यस लैंगिक विकास कार्यक्रम अन्तर्गत समूह सदस्यहरुको आवश्यकता तथा मागको आधारमा घुम्तिकोष रु. १०,१९,४१९/- (अक्षेरी दश लाख उन्नाईस हजार चार सय उन्नाइस मात्र) वितरण गरी नियमित परिचालन गरिएको छ । सो को अनुगमन कार्य ब्लक नं. १ मा अन्तर समूह तथा शिलिचोङ क्लव समाज विकास केन्द्र सम्पर्क अन्तर समूह गठन गरि नियमित सञ्चालनमा रहि रहेको छ

भने अन्य ब्लकहरुमा संस्थाको तर्फबाट कार्यक्रमको स्वयंसेवी अनुगमन गरि समूहहरुको निरन्तरता तथा दीगोपना दिने कार्य भइरहेको छ ।

- जिल्लाको अति दुर्गम गा.वि.स.हरुमा पहिलो चरण ५ र दोस्रो चरणमा ११ वटा गा.वि.स. गरी जम्मा १६ गा.वि.स.हरुमा ७८ वटा महिला समूहहरु गठन तथा पुनर्गठन भई नियमित सञ्चालनमा रहेको ।
- नियमित बचत तथा ऋण परिचालन समूह सदस्यहरु आर्थिक सशक्तिकरण भएको ।
- विभिन्न चेतनामूलक, लेखा तथा समूह व्यवस्थापन, आयआर्जन सम्बन्धी सीप विकास, नेतृत्व विकास तालिमहरु सञ्चालन ।
- नियमित घुम्तीकोष परिचालन जसको कारण आयआर्जनमा बृद्धि भई गरिवी न्यूनिकरणमा सहयोग ।
- निरन्तर स्वयंसेवी अनुगमन कार्यक्रम ।

**११. महिला आर्थिक सशक्तिकरण कार्यक्रम (Women Economic Emporement Program) :**

शिलिचोङ क्लव समाज विकास केन्द्र र बेलायती राजदुतावास (British Ambashy) काठमाडौ बीचको साझेदारीमा मिति २०६१ देखि २०६४ सम्म सञ्चालन भएको महिला आर्थिक सशक्तिकरण कार्यक्रम ११ गा.वि.स.हरुमा जम्मा ४१ वटा समूहमा संचालन गरीएको छ । ९९२ महिला र २८४ पुरुष गरी जम्मा १२७६ सदस्यहरु प्रत्यक्ष लाभान्वित सो समूहका सदस्यहरुलाई विभिन्न सीपमूलक तालिम दिई कार्यन्वयन गरि आयआर्जन कृयाकलापमा प्रत्यक्ष सम्लग्न रहेका छन । सो को अनुगमन कार्य समेत सहयोगी संस्थाको तर्फवाट स्वयंसेवी अनुगमन गरि समूहहरुको दीगोपनामा निरन्तरता दिने कार्य भइरहेको छ ।

**१२. गाऊँ विकास कार्यक्रम (गरिवी निवारण कार्यक्रम) (Village Development Program) :**

शिलिचोङ क्लव समाज विकास केन्द्र, स्थानीय विकास कोषको सचिवालय (जि.वि.स.) संखुवासभा बीचको साझेदारीमा सञ्चालन भएको स्थानीय गाउं विकास कार्यक्रम तथा गरिवी निवारण कार्यक्रम बाला र सिसुवाखोला गा.वि.स.हरुमा सञ्चालन गरिएको छ । २०६३ आषाढ महिना देखि २०६६ फाल्गुण सम्म सञ्चालित उक्त कार्यक्रममा ६७८ जना महिला र ३६९ पुरुष गरी जम्मा १०४७ जना सदस्यहरु प्रत्यक्ष लाभान्वित रहेकोमा हाल सो कार्यक्रम गा.वि.स. मार्फत हस्तान्तरण गरी नियमित सञ्चालनमा रहेका छन् ।

- जिल्लाको अति दुर्गम बाला र शिसुवा गा.वि.स.हरुमा गरी जम्मा ३० वटा महिला र पुरुष समूहहरु गठन/पुनर्गठन ।
- नियमित वचत तथा ऋण परिचालन ।
- आयआर्जन बृद्धिकालागि विभिन्न सीप विकास तालिम ।
- घुम्तिकोष (विऊ धन) परिचालन आदी ।

**१३. सामुदायिक वन उपभोक्ता सचेतना कार्यक्रम (Community Forest User Group Awareness Program) :**

यस संस्था र जिवीकोपार्जनका लागि वन कार्यक्रम (LFP) बिच २०६३ सालमा सम्झौता भई ३ महिना सम्म यो कार्यक्रम सञ्चालन गरिएको हो । सामुदायिक वन उपभोक्ता सचेतना कार्यक्रम अन्तर्गत

**शिक्षार्थी सुहाउँदो पाठ्य सामग्री भाग** २ नामक पुस्तक ५ गा.वि.स.हरु मध्ये वाट १० वटा समूहमा सञ्चालन गरिएकोमा १७१ जना महिला र ५२ पुरुष गरी जम्मा २२३ जना लाभान्वित भएका छन् ।

- तीन गा.वि.स.हरुमा १० वटा समूह परिचालन गरी वन तथा वातावरण संरक्षण, पिउने पानीको स्रोत संरक्षण तथा सरसफाई र दीगो वन व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन ।

## १४. युवा साझेदारी कार्यक्रम (Youth Partnership Program) :

यस संस्था र नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय काठमाडौ बीचको साझेदारीमा सञ्चालित युवा साझेदारी कार्यक्रम दूई वटा गा. वि. स.हरुमा सञ्चालन गरिएकोछ । गाविस स्तरिय सञ्चालित कार्यक्रम अन्तर्गत नेतृत्व विकास, तथा कुलतमा परेका युवाहरुलाई सचेतना कार्यक्रममा जम्मा महिला र पुरुष गरी जम्मा १६० जना प्रत्यक्ष लाभान्वित भएका छन् ।

## १५. एकिकृत शिशु तथा वाल्यकालिन पोषण (बाल भिटा) समुदाय प्रवर्द्धन कार्यक्रम :

संस्था शिलिचोङ क्लव समाज विकास केन्द्र (SCSDC) र म्याक्स्प्रो (Maxpro) सङ्खुवासभा बीच सम्झौता भई सञ्चालन भएको यस बाल भिटा (Baal Vita) समुदाय प्रवर्द्धन कार्यक्रम जिल्लाको १६ गा. वि. स. हरुमा रहेका छन् । बि. सं. २०६९ मार्ग १ गते देखि चैत्र ३० गते सम्म सञ्चालन भएको यस कार्यक्रम ६ महिना देखि दूई वर्ष मुनिका बालवालिकाको पोषण स्थितिमा सुधार गर्नु मुख्य उद्देश्य रहेको छ । जिल्ला स्वास्थ्य कार्यालयको नियमित कार्यक्रमलाई सहयोग गर्न सञ्चालन भएको यो कार्यक्रम १४४ वटा आमा समूहहरुमा १ हजार ९ सय ५० जना भन्दा बढी यस कार्यक्रमवाट प्रत्यक्ष लाभान्वित रहेका छन् । हाल यो कार्यक्रम जिल्ला स्वास्थ्य कार्यालयको नियमित कार्यक्रम मार्फत सञ्चालनमा रहेको छ ।

## १६. सुआहारा कार्यक्रम (SUAAHARA, Good -Nutrition Program) :

अमेरिकन अन्तराष्ट्रिय विकास सहयोग नियोग (USAID) को आर्थिक तथा प्राविधिक सहयोगमा सेभ द चिल्डेन (Save the Children) र संस्था शिलिचोङ क्लव समाज विकास केन्द्र सङ्खुवासभा बीच बीच दोहोरो सम्झौता भई मिति बि. सं. २०६९ भाद्र देखि ०७३ आश्विन अर्थात सन् २०१२ देखि २०१६ मार्च सम्म सुआहारा कार्यक्रम (Good -Nutrition Program) सञ्चालन साथै सफलतापूर्वक सम्पन्न । नेपाल सरकार राष्ट्रिय योजना आयोगको बहुक्षेत्रिय पोषण तथा खाद्य सुरक्षा कार्यक्रम **Save The Children, HKI, Jhapiego, JHU-CCP, NTAG, NEWAH, NPCS** को सहकार्यमा, जिल्ला विकास समिति, जिल्ला स्वास्थ्य कार्यालय, ज्लिला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय, जिल्ला शिक्षा कार्यालय र जिल्ला महिला तथा बालवालिका कार्यालयको समन्वयमा सञ्चालित सुआहारा (**SUAAHARA, Good-Nutrition Program**) को मुख्य उद्देश्य दुई वर्ष भन्दा मुनीका बालबालिका, आमा र गर्भवती महिलाहरुको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार ल्याउन साथै विशेषत : घरपरिवारको व्यवहार परिवर्तनमा केन्द्रित रहेकोछ भने यस कार्यक्रमको लक्षित वर्ग गर्भवति महिला र दुई वर्ष मुनिका बालवालिका अर्थात सुनौलो १००० दिनका आमा र बच्चा रहेका छन् । यो कार्यक्रम सङ्खुवासभा जिल्लाको ३ नगरपालिका सहित २५ वटै गा. वि. स. का प्रत्येक वार्डमा तथा ३६२ वटा आमा समूह गठन गरी सञ्चालित छन् ।

सुआहारा कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका कृयाकलाप साथै कार्यान्वयन पश्चात प्राप्त उपलब्धिहरु यस प्रकार रहेका छन् ।

सञ्चालित कृयाकलापहरु :

१. राष्ट्रिय भिटामिन ए कार्यक्रममा नियमित सहयोग ।

२. नागरिक सचेतना केन्द्र, ३५० स्वास्थ्य आमा समूहमा नियमित पोसिलो खाना प्रदर्शन ।

३. स्वास्थ्य आमा समूह, प्राथमिक स्वास्थ्य केन्द्र, गाउंघर क्लिनिक, खोप केन्द्र आदिमा नियमित पोषण तथा स्वास्थ्य सुधार साथै पुर्ण स्तनपान, थप खाना र अत्यावश्यक पोषण सम्बन्धि नियमित परामर्श ।

४. जिल्लाका हरेक स्वास्थ संस्थामा पोषणको सन्देश प्रवाह गर्न एकिकृत पोषण कर्नर (Integrated Nutrition Corner) को स्थापना ।

५. पिछडिएको घरधुरीहरुलाई प्राथामिकता दिई १००० दिनका आमा, स्वास्थ्य आमा समूहका सदस्यहरुलाई स्वास्थ्य सरसफाई तथा एकिकृत पोषण सम्वन्धि नियमित घरभेट साथै परामर्श ।

६. जिल्ला भरी वाट पछिडिएका आमाहरुलाई प्राथमिकता दिई जम्मा ३६७ नमूना आमा सम्मान (Key life events) कार्यक्रम ।

७. महिला दिवश, नारी दिवशको अवसर पारी जम्मा ५७ जना आमाहरुलाई नियमित सरसफाई, खोप, ANC/PNC Visit, पारीवारिक सहयोग, पूर्ण स्तनपान साथै पुरक खाना आदि पुरा गरेका आदर्श आमाहरुलाई आदर्श आमा सम्मान कार्यक्रम ।

८. आमा तथा वच्चाहरुको पोषण स्थितिमा सुधार गर्न पोषण नियमित स्वास्थ्य आमा समूह, नागरिक सचेतना तथा अन्य नियमित बैठकहरुमा जम्मा ३५० समूहमा वार्षिक ३ पटक गरी जम्मा १०५० पटक, पोषिलो जाउलो, फर्सिको खिर, अण्डा प्रदर्शन तथा महत्व, फलफुल प्रदर्शन गरी नियमित बैठक सञ्चालन गरी पोषण सन्देश नियमित प्रवाह गरेको ।

९. विभिन्न आमा समूहहरु, सरोकारवाला निकायहरुको सहभागितामा पोषण सप्ताह, पुर्ण स्तनपान सप्ताह, आयोडिन महिना, विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह, महिला स्वास्थय स्वयं सेविका दिवश, तथा मेला पर्व तथा उत्सव आदिको अवसर पारी सुनौलो १००० दिनको समयमा पोषण सुधार साथै व्यवहार परिवर्तनका लागि सन्देश प्रवाह गर्न विभन्नि सप्ताह कार्यक्रम ।

१०. पोषणमा सुधार पुऱ्याउन विभिन्न कार्यक्रमहरुमा नियमित सावुन पानीले हात धुने नियमित अभ्यास ।

११. स्वास्थ्य आमा समूह, घरयासी खाद्यन्न उत्पादन आमा समूह, पोषिलो खाना प्रदर्शनी कार्यक्रम, १८ वाटा गाविसहरुमा १८ वाट नागरिक सचेतनाको नियमित बैठक, १८ वटा गाविसहरुमा १६२ भन्दा बढि वडा नागरिक मञ्चको बैठक साथै विभिन्न पुरुष समूहहरुको बैठकमा भन्छि आमा रेडियो कार्यक्रमको प्रवर्द्धन साथै विभिन्न सन्देशहरुको प्रवाहमा प्रवर्द्धन कार्यक्रम सञ्चालन ।

१२. जिल्ला स्तरीय खाद्य सुरक्षा तथा पोषण समितिको सिफारिसमा जिल्ला विकास समितिको समन्वयमा जम्मा १८ वटा गाविसहरुका १८ जना सामाजिक परिचालक र फिल्ड सुपरभाइजरहरुलाई पोषण साथै स्वास्थ्य सुधारका लागि भन्छिन आमा रेडियो कार्यक्रम सम्बन्धि ३ दिने सामाजिक परिचालन तालिम सञ्चालन कार्यक्रम ।

१३. वार्षिक २ पठकको दरले जम्मा ५ पटक स्वास्थ्य तथा सरसफाई सम्बन्धि विभिन्न कृयाकलापहरु प्रचार प्रसार गर्न स्थानीय पत्रकारहरुको नियमित भ्रमण साथै पोषण सन्देश प्रवाह कार्यक्रम सञ्चालन ।

१४. अर्धवार्षिक रुपमा कार्यक्रमको अध्यावधिक गर्न स्थानीय रेडियो (FM) हरुवाट सुआहारा तथा पोषण कार्यक्रमको अध्यावधिक ।

१५. सुआहारा कार्यक्रमको सहयोगमा जिल्ला स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई सरसफाई (खुल्ला दिशा मुक्त घोषणमा सहयोग) रणनीतिक योजना वनाउन नियमित सहजिकरण ।

१६. जिल्ला भरीवाट जम्मा ७ वटा गाविस /नपा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन तथा पुनर्गठन, खुल्ला दिशा मुक्त साथै पुर्ण सरसफाईलाई दीगो तथा निरन्तरताको लागि रणनीतिक योजना तय, योजना तर्जुमा साथै कार्यान्वयनको लागि नियमित सहजिकरण कार्यक्रम सञ्चालन ।

१७. जिल्लालाई खुल्ला दिशा मुक्त र पुर्ण खोप सुनिश्चितता घोषणामा सहयोग पुऱ्याउने उद्देश्यले जिल्ला

सरसफाई सम्मेलनमा सहयोग ।

१८. ७ वटा गाविस /नपाहरुमा ६३ वटा वार्डहरुवाट जम्मा ५३१ जनालाइ ३ दिने सरसफाई मिस्त्री तालिम सञ्चालन ।

१९. विद्यालय पुर्ण सरसफाईका लागि १५ वटा विद्यालय ७६ जना शिक्षकहरुलाई २ दिने सरसफाई तालिम सञ्चालन ।

**जम्मा सुआहारा पहिलो चरणको कार्यक्रम वजेट रु. ६,९४,३५,१४३।८२**

**१७. सुआहारा कार्यक्रम दोस्रो चरण (SUAAHARA Phase -II, Good -Nutrition Program) ( सञ्चालित कार्यक्रम)**

अमेरिकन अन्तराष्टिय विकास सहयोग नियोग (USAID) को आर्थिक तथा प्राविधिक सहयोगमा हेलेन केलर इन्टरनेशनल (Helen Keller International) र संस्था शिलिचोङ क्लव समाज विकास केन्द्र सङ्खुवासभा बीच बीच दोहोरो सम्फौता भई मिति बि. सं. २०७२ आश्विन्र देखि अर्थात सन् २०१६ देखि निरन्तर सञ्चालनमा रहेको छ । नेपाल सरकार राष्टिय योजना आयोगको बहुक्षेत्रिय पोषण तथा खाद्य सुरक्षा कार्यक्रम **Helen Keller International -HKI,** CARE, FHI 360, Nepali Technician Assistant Group NTAG, Equal Access, Environment and Public Health Organization - ENPHO, र Vijaya Development Centre (VDRC) को सहकार्यमा **सुआहारा (SUAAHARA, Good-Nutrition Program)** जिल्लामा रहेका सरोकारवाला सरकारी कार्यालयहरुको समन्वयमा सञ्चालित सुआहारा (SUAAHARA, **Good-Nutrition Program**) को मुख्य उद्देश्य दुई वर्ष भन्दा मुनीका बालबालिका, आमा र गर्भवती महिलाहरुको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार ल्याउन साथै विशेषत : घरपरिवारको व्यवहार परिवर्तनमा केन्द्रित रहेकोछ भने यस कार्यक्रमको लक्षित वर्ग गर्भवति महिला र दुई वर्ष मुनिका बालवालिका अर्थात सुनौलो १००० दिनका आमा र बच्चा रहेका छन् । यो कार्यक्रम सङ्खुवासभा जिल्लाको ५ नगरपालिका सहित ५ वटा गाउंपालिकाहरुका प्रत्येक वार्डमा सञ्चालित छन् ।

सुआहारा कार्यक्रम दोस्रो चरण अन्तर्गत समुदाय स्तरमा गर्भवती आमा र दुई वर्ष मुनिका बालवालिकाहरुको पोषण साथै स्वास्थ्य सुधारका लागि विभिन्न कृयाकलापहरु सञ्चालन भई रहेका छन् । जुन सुआहारा दोस्रो चरणको कार्यक्रम सन् २०२१ को मार्च महिना सम्म रहनेछ ।

सुआहारा दोस्रो चरणको कार्यक्रम वजेट निम्नानुसार रहेको छ :

| क्र. सं. | कार्यक्रम वर्ष | जम्मा वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | पहिलो वर्ष (आ. व. ०७३/७४) | ५७,३३,१४५।०८ | |
| २ | दोस्रो वर्ष (आ. व. ०७४/७५) | १,३१,९०,९४७।१३ | |
| ३ | तेस्रो वर्ष (आ. व. ०७५/७६) | १,२८,१६,७६३।६७ | |
| ४ | चौथो वर्ष (आ. व. ०७६/७७) | १,२०,४१,७०२।०० | |
| ५ | पाँचौ वर्ष (आ. व. ०७७/७८) | ९२,७४,८६४।०० | |

| | | | |
|---|---|---|---|
| | | | |
| ६ | छैटौं वर्ष (आ. व. ०७८/७९) | १,०६,०१,१३०।०० | |
| ७ | सातौं वर्ष (आ. व. ०७९/८०) | २३,८०,६२०।०० | |
| | **कुल जम्मा रु.** | **६,६०,३९,१७१।८८** | |

**१८. शिक्षा सहयोग कार्यक्रम**

यो संस्थाको चालु कार्यक्रम अन्तर्गत सचालित कार्यक्रम रहेको छ । एन. आ. एन. ए. मलिा समिति क्यानाडा (NRNA Women Committee Canada) को आर्थिक सहयोगमा सिलिचोङ् गा. पा. श्री सागरमाथा मा. वि. मा आं व. ०८०/०८१ मा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई अंग्रेजी, गणित र विज्ञान विषय अध्ययनमा सहज भई उच्च शिक्षा हासिल गर्न समेत टेवा पुऱ्याउने उद्देश्यका साथ तिन महिना कोचिङ तथा ट्युशन कक्षा सञ्चालन गर्न रु. १ लाख ५० हजार आर्थिक स्रोत प्राप्त भएको थियो भने यो कार्यक्रम चालु आ. व. मा सम्पन्न समेत भई सकेको छ ।

**संस्थावाट साझेदारी गरिएका सरकारी र दातृ तथा गैरसरकारी संस्था/कार्यालयहरु :**

**सरकारी कार्यालय अन्तर्गत :**

१) जिल्ला जनस्वास्थ्य कार्यालय, २) जिल्ला शिक्षा कार्यालय सं.स.,
३) स्थानीय विकास कोषको सचिवालय /जि.वि.स.सङ्खुवासभा,
५) युवा तथा खेलकुद मन्त्रालय ।

**दातृ तथा साझेदार संस्था अन्तर्गत :**

१) सगुन नेपाल, २) पर्वतीय संस्था (The Mountain Institute),
३) बेलायती राजदुतावास नेपाल (British Embassy Nepal),
४) विश्व शिक्षा, ५) सिप्रेड (Centre for Environmental and Agricultural Policy Research, Extension and Development, CEAPRAD),
६) जीविकोपार्जनको लागि वन कार्यक्रम (LFP),
७) बि.एन.एम.टी.(BNMT),
८) से द चिल्ड्रन इन्टरनेशनल (Save The Children International)
९) हेलेन केलर इन्टरनेशनल (Helen Keller International -HKI)

**लक्षित वर्ग**

**समुदायः**

- आदिवासी जनजाति, ब्राम्हण, क्षेत्री, दलित अन्तर्गत महिला, बालवालिका, युवा, दलित, गरीव, विपन्न/सीमान्तकृत तथा पिछडिएको वर्ग ।

  घर परिवार :
- उप समूहः महिला समूह-२४०, बालवालिका समूह-२८, मिश्रीत समूह-६६, युवा समूह-४२ गरी जम्मा ३७६ समूह परिचालन ।

## समन्वय/सहकार्य निकायहरु

**जिल्ला स्तरमा :**

- जिल्ला शिक्षा तथा समन्वय इकाइको कार्यालय ।
- स्वास्थ्य कार्यालय ।
- जिल्ला समन्वय समितिको कार्यालय ।
- महिला तथा वालवालिका कार्यालय ।
- जिल्ला कृषि ज्ञान केन्द्रको कार्यालय ।
- जिल्ला खानेपानी तथा सरसफाई कार्यालय ।
- विल्ला वन कार्यालय ।
- जिल्ला भेटेरीनरी तथा पशु पशु विज्ञ केन्द्रको कार्यालय ।
- मकालु बरुण राष्ट्रिय निकुञ्ज ।
- जिल्ला खेलकूद बिकास समितिको कार्यालय ।

**समुदाय स्तरमा :**

- सवै नगरपालिका र गाउंपालिकाको कार्यालयहरु ।
- स्वास्थ्य संस्थाहरु : प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र गाउँघर क्लिनिक ।
- वडा कार्यालय ।
- विद्यालय ।
- स्थानीय दर्ता क्लव ।

### समुदाय परिचालन सम्बन्धि रणनीतिहरु

- सामाजिक, राजनीतिक अगुवाहरुसंग भेला तथा जिम्मेवारी, समन्वय र कार्यक्रम कार्यान्वयनका लागि अन्तर्क्रिया ।
- लक्षित समूह पहिचान तथा आधारभूत घरधुरी सर्वेक्षण ।
- समुह गठन तथा परिचालन ।
- साझेदार निकाय कर्मचारी तथा जनशक्तिहरुको क्षमता अभिबृद्धि ।
- स्थानिय स्रोत (साझेदार निकायहरुवाट दक्ष जनशक्ति) परिचालन ।
- महिला स्वास्थ्य स्वंसेवीकाहरुको नियमित परिचालन ।

## अनुगमन प्रक्रिया

- व्यक्तिगत छलफल अन्तरक्रिया ।
- सेवाग्राहीहरुसंग सामुहिक छलफल ।
- लक्षित समूह छलफल ।
- भेला तथा बैठक निर्णय साथै कार्यान्वयनको मूल्याङ्कन ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको अनुभव आदान प्रदान ।
- प्रतिवेदन पृष्ठपोषण आदान प्रदान ।
- साझेदारी तथा सरोकारवाला निकायहरुवाट संयूक्त अनुगमन ।
- स्वास्थ्य संस्थाको प्रतिवेदन साथै पृष्ठपोषणको आदान प्रदान ।

**संस्थाका सवल पक्षहरु:**

- संस्थाको निजी भवन, २७ रोपनी जग्गा र सदरमुकाम खादवारीमा सम्पर्क कार्यालय रहेको ।
- संस्था सञ्चालनका लागि भौतिक सामग्री (कम्प्यूर, फर्निचर, र्याक, टेवल कुर्सी, दराज आदि) रहेको ।
- जिल्ला भरी नै कार्यक्रम सञ्चालन ।
- गैसस महासंघ शाखा सङ्खुवासभावाट प्रथम सामाजिक विकास पुरस्कारले पुरस्कृत ।
- स्वास्थ्य सुधार लगायत अन्य प्रकारका कार्यक्रमहरु सञ्चालनको लागि दक्ष कर्मचारी ।
- कार्यक्रम कार्यान्वयनका लागि समर्पित स्वयंसेवकहरु रहेको ।
- संस्थाबाट सञ्चालित कार्याक्रम/समूहहरुको दीगो र स्थायित्व रहनु ।
- प्रशासनिक, आर्थिक र कर्मचारी नीति अनुरुप कार्यक्रम सञ्चालन ।
- समुदायमा आधारित सामाजिक संस्थाको रुपमा स्थापित र पुरानो संस्था ।
- नियमित र समयमा संस्था नविकरण ।
- समावेशी र प्रजातान्त्रिक प्रकृयाबाट कार्य समिति तथा कर्मचारीको छनौट हुनु ।
- आर्थिक पारदर्शिता रहेको ।
- लक्षित समुदाय केन्द्रित कार्यक्रम कार्यान्वयन गरिनु ।
- जिल्लाको अति दुर्गम् गा.वि.स.हरुमा सफलतापूर्वक कार्यक्रम कार्यान्वयन गरिनु ।
- गतिशिल नेतृत्व हस्तान्तरणको निरन्तरता रहनु ।
- संस्थाको नाममा बैंक खाता (रा.बा.बैंक, नेपाल बैंक लि. र सानीमा विकास बैंक) ।

**सुशासन :**

- समावेशी र प्रजातान्त्रिक पद्दतिबाट कार्य समितिको छनौट हुने गरेको ।
- सहमतीय पद्दतिवाट निर्णय हुने गरेको ।
- समावेशीता र पारदर्शिताको आधारमा जनशक्तिको व्यवस्थापन गर्ने ।
- क्षमताको आधारमा जिम्मेवारीको वाँडफाड ।
- आवश्यकता अनुसार सबैको क्षमता बिकासको निमित्त अवसर प्रदान गरिने ।
- सबैको विचार, भावना, दक्षता र सीपको उचित कदर गरिने ।

**व्यवस्थापन :**

- नियमित कार्यालय सञ्चालन (दर्ता, चलानी, फायलिङ्ग आदि) रहेको ।
- कार्यालय सञ्चालनको लागि तत्कालिन आवश्यकतानुसार भौतिक पूर्वाधार (फर्निचर, कम्प्यूटर साथै फोन र इमेल इन्टरनेट) को व्यवस्था ।
- तथ्याङ्क तथा अभिलेखको यलेक्ट्रानिक साथै हार्डकपी व्यवस्था ।
- आवश्यकतानुसार मानव जनशक्तिको व्यवस्था रहेको ।
- कार्यक्रम अनुसार जनशक्तिको व्यवस्था भएको ।
- कार्यक्रम नीति, कर्मचारी (मानव) स्रोत नीति, आर्थिक नीति साथै कार्यक्रम रणनैतिक योजनाको व्यवस्थापन र कार्यान्वयन ।
- संस्था सञ्चालनको निम्ति आवश्यक पर्ने नीतिहरुको व्यवस्थापन र कार्यान्वयन ।

**जनशक्ति :**

- स्वास्थ्य सम्बन्धी ७ जना दक्ष जनशक्ति रहेको ।
- कृषि भेटेरीनरी २ जना ।
- सामाजिक परिचालन सम्बन्धी ५ जना ।
- लेखा/प्रशासन सम्बन्धी २ जना ।
- स्वास्थ्य सम्बन्धी आधारभूत तालिम प्राप्त स्वास्थ्य सुधार स्वयंसेवकहरु १७ जना ।
- कोष बृद्धि (Fund Rising) जनशक्ति २ जना ।

**आर्थिक व्यवस्थापन**

- अनिवार्य बैंकिङ्ग कारोबार ।
- आर्थिक पारदर्शिताका लागि दोहोरो लेखा प्रणाली पद्दति ।
- नियमानुसार लाग्ने राजस्व भुक्तानी गरिएको/भएको ।
- स्पष्ट आर्थिक नीति, मानव संशाधन, बालवालिका, लैंगिक नीतिको व्यवस्था र कार्यान्वयन ।
- वार्षिक रुपमा आन्तरिक लेखा परीक्षणको व्यवस्था ।
- सामाजिक लेखा परीक्षण ।
- समयमा नियमित वाह्य लेखा परीक्षण ।
- समयमा संस्था नविकरण ।

**धन्यवाद ।**

तयार गर्ने

..............

तेज बहादुर तामाङ

SCSDC